# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा 'घ' को (६), यस गाउँपालिकाको आर्थिक ऐन, २०८० र गाउँ कार्यपालिकाको मिति २०८२/०४/०१ गते बसेको बैठकको निर्णय बमोजिम तपसिलमा उल्लेखित गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका नदी, खोलाहरुको घाटबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन- २०७९ द्वारा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यी सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि. नं. | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (अ.आय कर, मू.अ. कर र सडक मर्मत/ वातावरण शुल्क बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | 1/RSRM/ 2082-83 | राप्ती सोनारी अन्तर्गत पर्ने विभिन्न ६ वोटा घाटहरु (**मुगुवा -दक्षिण, टिकुलिपुर घाट, शिजनिया/समशेरगंज घाट, बग्दैला घाट, परुवा खोला र झिझरी खोला घाट**) को नदिजन्य पदार्थको एकमुष्ट ठेक्का । | ७७४६३१४ | रु. ६,१९,७०,५१२.००/- | रु. ५,०००/- |
| २ | 2/RSRM/ 2082-83 | राप्ती सोनारी अन्तर्गत पर्ने (**जलाला घाट, खल्ला टपरी घाट, जंगपुर साईपुर, शिनाबास नयाँबस्ति घाट, नवलपुर घाट र आलिनगर/ चाचाफर्का**) को नदिजन्य पदार्थको ठेक्का । | ६३५३६१० | रु. ५,०८,२८,८८०.००/- | रु. ५,०००/- |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शमशेरगञ्जमा रहेको यस कार्यालयको राजश्व शिर्षक नं. १४२४९ र खाता नं. ०५२०७५४०५१००२४ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिन (मिति:२०८२/०६/०१) दिन दिनको १२:०० बजे भित्र खरिद गरिसक्नु पर्ने र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ । विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शमशेरगञ्जमा रहेको धरौटी खाता नं. ०५२०७५४०५१००१४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बीड बण्ड पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाइ्ढ फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न अएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन (मिति:२०८२/०६/०१) दिनको १४:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन (मिति:२०८२/०५/२२) गते दिनको १३:०० बजे राप्ती सोनारी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन अएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको नियमानुसारको रकम अनिवार्य बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट र १.५% अग्रिम आय कर रकम समेत आन्तरिक राजश्व कार्यालयमा बुझाई सक्कल भौचर यस कार्यालयम बुझाउनु पर्नेछ ।

११. ठेक्का वन्दोवस्तका लागि उल्लेख भएका खोलानालाको अवस्थाको सन्दर्भमा वोलपत्रदाताले स्थलगत भ्रमण गरी जांची वुझी IEE प्रतिवेदनमा उल्लेखित स्थानका लागि वोलपत्र पेश गरेको मानिनेछ ।

१२. ढुंगा, गिट्टी, वालुवाको उत्खनन् तथा निकासीमा स्वीकृत IEE मा व्यवस्था भए वमोजिम औजारको प्रयोग गर्न सकिनेछ ।

१३. विशेष गरी ढुंगा, गिट्टी, वालुवा, गेग्रान आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी झिक्ने बन्दोवस्त ठेकेदार स्वयंले मिलाउनु पर्नेछ । वातावरण सन्तुलन वा भू उपयोगिताको दृष्टिकोणवाट वन्यजन्तु, आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सीमाना भित्रवाट वालुवा ढंगा, गिट्टी, गेग्रान झिक्न पाइनेछैन । वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज सम्वन्धी कानूनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ ।